# नेपाल सरकार

# राष्ट्रिय अनुकूलन योजना (२०२१-२०५०)

## नीति निर्माताहरूको लागि सारांश

| संक्षिप्त जानकारी | |
|---|---|
| **सारांश** | नेपालको राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले पहिल्याएका ८ वटा विषयगत र ४ वटा अन्तरविषयगत क्षेत्रमा कुल **६४ वटा** प्राथमिकता प्राप्त अनुकूलनका कार्यक्रमहरु राष्ट्रिय अनुकूलन योजनाले उल्लेख गरेको छ। प्राथमिकता प्राप्त अनुकूलन कार्यक्रमहरुको कार्यन्वयनको लागि सन् २०५० सम्म कुल **४७.४** विलियन अमेरिकी डलरको आवश्यकता पर्ने देखिन्छ। सो रकम मध्ये नेपालले कूल १.५ विलियन अमेरिकी डलर आन्तरिक स्रोत परिचालन गरेर योगदान गर्न सक्नेछ भने बाँकी ४५.९ विलियन अमेरिकी डलर बाह्य स्रोतको आवश्यकता पर्दछ। यसरी सन् २०३० सम्ममा प्रत्येक वर्ष नेपालको लागि २.१ विलियन अमेरिकी डलरको वित्त प्रवाह हुन जरुरी देखिन्छ भने समग्रमा २१ विलियन अमेरिकी डलरको आवश्यकता पर्दछ। सन् २०५० सम्ममा २६.४ विलियन अमेरिकी डलरको आवश्यकता पर्ने देखिन्छ जुन सन् २०३१ मा नेपालको न्याप समिक्षा गरेपछि थपघट हुन सक्नेछ।<br><br>नेपालको न्याप भविष्यमा जलवायु परिवर्तनका असरहरुसँग नेपाललाई सबल रुपमा सम्बोधन गर्न सक्ने बनाउने एक महत्वपूर्ण दस्तावेज हो। समग्र अनुकूलनको आगामि कार्यभार यो न्याप दस्तावेजले निर्देशित गर्दछ। नेपाल सरकारको तर्फवाट जलवायु परिवर्तनको केन्द्र बिन्दु, मन्त्रालय **वन तथा वातावरण मन्त्रालय** न्याप कार्यान्वयनको समीक्षा र रिपोर्टिङको लागि जिम्मेवार छ। नेपालको न्यापले  जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघिय महासन्धी (UNFCCC) अन्तर्गतको पेरिस सम्झौतामा उल्लेख भए अनुसारको अनुकूलन सञ्चारको (Adaptation Vehicle) प्रतिवेदनको रुपमा पनि कार्य गर्नेछ। न्यापको कार्यान्वयन र अनुकूलन कार्यहरुको समीक्षा प्रत्येक पाँच वर्षमा हुनेछ। सन् २०३१ (वि. सं २०८७) मा नेपाल न्यापको पनि समीक्षा र अद्यावधिक गरिनेछ, जसमा देशको अर्थतन्त्र, विकास, नीतिगत रूपरेखा, अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू, र जलवायु परिवर्तनका प्रकोपहरू, जोखिमहरू र जोखिमहरू प्रतिबिम्बित गर्न दीर्घकालीन कार्यक्रमहरूलाई पुन: परिमार्जन र पुनर्संरचना गरिनेछ। नेपाल न्यापको सवल र प्रभावकारी कार्यन्वयनका अभिन्न प्रक्रियाका रूपमा छुट्टै संस्थागत व्यवस्था, अनुगमन र समीक्षा ढाँचा र वित्तीय रणनीति तयार भइरहेको छ। |
| **दूरदृष्टि** | "जलवायु अनुकूलनलाई सरकारका विभिन्न तह र विषयगत क्षेत्रहरुमा समायोजन गर्दै जनता र पर्यावरणमा जलवायु परिवर्तनको असरको जोखिमलाई न्यूनीकरण गर्ने र जलवायु-उत्थानशील समाज निर्माण गरी समग्र राष्ट्रको आर्थिक सामाजिक समृद्धिमा योगदान पुऱ्याउने" |
| <br>**लक्ष्य** | १) जलवायु परिवर्तनको संकटासन्नता र जोखिममा रहेका मुख्य प्राकृतिक, सामाजिक र आर्थिक क्षेत्रहरु र सेवा प्रदायकहरुको अनुकूलन क्षमता र उत्थानशिलता वृद्धि गर्ने।<br>२) स्थानीय, प्रादेशिक र संघीय तहका सबै विषयगत क्षेत्रहरुका नीति, रणनीति, योजना र कार्यक्रमहरुमा लैगिंक समानता, सामाजिक समावेशीकरण, जीविकोपार्जन र शासनका विभिन्न सरोकारलाई जोड दिँदै जलवायु परिवर्तनका मुद्धाहरुलाई एकिकृत गर्ने।<br>३) जलवायु परिवर्तन अनुकूलन सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय वित्तिय व्यवस्था, अध्ययन अनुसन्धान, प्रविधिको विकास र विस्तार मार्फत  जलवायु परिवर्तन अनुकूलनका लागि स्रोत साधनको न्यायोचित परिचालन र वितरण सुनिश्चत गर्ने। |
| <br>**न्याप प्रक्रिया निर्माणको विधि, पद्धति** | ▪ जलवायु परिवर्तन अनुकूलन सम्बन्धी अध्ययन अनुसन्धान, लेख, दस्तावेजको संकलन गर्ने र समिक्षा।<br>▪ जलवायु संकटासन्नता, जोखिम र अनुकूलन सम्बन्धी प्रत्येक प्रदेशहरुमा बहु-सरोकारवालाहरुसंग परामर्श एवम् छलफल।<br>▪ अनुकूलनका कार्यहरुको सुची संकलन र संश्लेषण।<br>▪ विषयगत र अन्तरविषयगत कार्य समूह र सो कार्यसमुहका संयोजकहरुसँगको छलफल तथा सामुहिक न्याप दस्तावेज लेखन कार्य, मस्यौदा न्याप दस्तावेज निर्माण।<br>▪ मस्यौदा न्याप दस्तावेजमा विषयगत विज्ञहरुसंगको गोलमेच परामर्श तथा छलफल।<br>▪ मस्यौदा न्यापको प्रादेशिक स्तरमा सरोकारवालाहरुसँग छलफल तथा पृष्ठपोषण संकलनका साथै न्याप कार्यन्वयनको लागि संस्थागत संरचना बारे सुझाव संकलन।<br>▪ विभिन्न छलफलपछि परिश्कृत न्याप मस्यौदाको केन्द्रीय स्तरका सरोकारवालाहरु समक्ष प्रस्तुति, छलफल तथा अन्तिम पृष्ठपोषण संकलन। |

- नेपालको न्याप दस्तावेज निर्माण र स्वीकृति ।

(क) अनुकूलनका वास्तविक आवश्यकताहरूप्रति ***उत्तरदायी*** भई जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई कम गर्ने र जलवायु-उत्थानशीलतमा सहयोग गर्ने अनुकूलनका कार्यहरूको रीष्ट्रिय अनुकूलन योजना अन्तर्गत अध्ययन, अनुसन्धान र विश्लेषणद्वारा पहिचान गर्ने ।

(ख) ***नीति संगती:***

- राष्ट्रिय नीति, रणनीति, योजना, विकासका लक्ष्य र प्राथमिकताहरू, र
- संयुक्त राष्ट्रसंघ अन्तर्गतका अन्तर्राष्ट्रिय महासन्धी एवम् प्रतिबद्धताहरू, जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघिय महासन्धी (UNFCCC), पेरिस सम्झौता, दिगो विकासका लक्ष्यहरु (SDGs), विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई संरचना (SDRR), मरुभूमिकरण विरुद्धको संयुक्त राष्ट्रसंघिय महासन्धी (UNCCD) र जैविक विविधता सम्बन्धी संयुक्त राष्ट्रसंघिय महासन्धी (UNCBD) सहित संयुक्त राष्ट्र महासन्धिहरूमा संगती राख्ने ।



**सिद्धान्त**

(ग) संघीय, प्रादेशिक र स्थानीय सरकारका योजना, बजेट, र कार्यक्रमहरुमा जलवायु परिवर्तन अनुकूलनकार्यहरु समायोजन एवम् मुलप्रवाहिकरण गर्ने ।

(घ) लैगिंक उत्तरदायि र सामाजिक समावेशिताको सिद्धान्तमा आधारित भई सिमान्तकृत, संकटासन्न, सबै वर्ग, समुह र समुदायलाई जलवायु परिवर्तन अनुकूलनको योजना निर्माणको हरेका चरणहरु: अनुकूलनका कार्यहरुको पहिचान गर्ने, वजेटको निर्माण गर्ने, अनुकूलनका कार्यहरुको कार्यन्वयन गर्ने र अनुगमन तथा मूल्यांकन मा सहभागि गराउने ।

(ङ) पारदर्शिता प्रबर्द्धन गर्न, असल निर्णय लिन र परिष्कृतरुपमा अनुकूलनको कार्यन्वयन गर्न बहुसरोकारवालाहरुको सहभागिता, समन्वय र सहकार्यलाई प्रबर्द्धन गर्ने ।

(च) प्राकृतिक रुपमा विविध, स्वस्थ्य र उत्थानशील पर्यावरण बनाईराख्न पर्यावरणीय अक्षुण्णता (Ecosystem Integrity) कायम गर्ने ।

(छ) समावेशी न्याप प्रक्रियामार्फत सबैलाइ समेट्ने प्रतिबद्धता अन्तर्गत सिमान्तकृत, संकटासन्न र पछाडि परेका लिङ्ग, वर्ग, समुह र समुदायको पहिचान गर्ने सो वर्ग समुह र समुदायलाई आवश्यक अनुकूलनका कार्यहरूको पहिचान गर्दै,योजना र कार्यन्वयनलाई प्राथमिकता दिने र कार्यन्वयनको प्रगति अनुगमन गर्न प्रमाण र तथ्यांक संकलन गर्ने ।

## प्राथमिकता अनुकूलन कार्यक्रमहरू र बजेटहरू

| क्षेत्र | प्राथमिकता प्राप्त अनुकूलनका कार्यक्रमहरु (२०२५, २०३०, २०५०) | बजेट |
|---|---|---|
|  कृषि तथा खाद्य सुरक्षा | कृषि तथा खाद्य सुरक्षा क्षेत्रमा दिगो कृषि, खाद्य तथा पोषण सुरक्षा एवम् जलवायु उत्थानशील उपयोगी कृषि-प्रणाली व्यवस्थापन कार्यक्रम, व्यवसायिक पशुपालन, कृषि वीमा, आनुवंशिक स्रोत संरक्षण, सामूहिक कृषि प्रवर्द्धन, एकीकृत माटो तथा पोषण व्यवस्थापन, जलवायु सेवा तथा कृषि जानकारी प्रणालीको सुदृढिकरण तथा कृषि र पशुपंछीसंग सम्बन्धित संस्थाहरु र सरोकारवालाहरुको राष्ट्रिय स्तरमा क्षमता विकास गर्ने जस्ता अनुकूलनका कार्यहरुले प्राथमिकता पाएका छन् । | ११.२ अर्ब |
|  वन तथा जैविक विविधता र जलाधार संरक्षण | वन, जैविक विविधता र जलाधार संरक्षणको क्षेत्रमा जलवायु जोखिम कम गर्दै जलवायु उत्थानशीलता मार्फत जलवायु-उत्थानशील समाज निर्माणका लागि सिमसार, चुरे, हिमाली, कर्णाली जलाधारक्षेत्रहरुको व्यवस्थापन, वन डढेलो रोकथाम, नियन्त्रण र यसका विरुद्ध तयारी, पर्यावरणीय स्वास्थ्य र तिनको कार्यक्षमताको सुनिश्चितता, महत्वपूर्ण बासस्थान र संरक्षित क्षेत्रहरुको सञ्जाल विस्तार र पुर्नस्थापना; संकटापन्न प्रजातिहरुको संरक्षण, मिचाहा प्रजातिहरुको व्यवस्थापन कार्यक्रम, प्रकृतिमा आधारित समाधानहरू, र हरित र चक्रिय अर्थव्यवस्था प्रवर्द्धन गर्ने जस्ता अनुकूलनका कार्यहरुले प्राथमिकता पाएका छन् । | ८ अर्ब ७० करोड |

| | | |
|---|---|---|
|  जलस्रोत र उर्जा | जलस्रोत र उर्जा क्षेत्रमा जलवायु परिवर्तन अनुकूलनका कार्यहरुमा, विद्यमान नीतिहरुमा परिमार्जन गर्दै राष्ट्रिय क्षमता विकास गर्ने, जलवायु सूचना र निर्णय गर्ने प्रकृयाको प्रवर्धन गर्ने तथा जलस्रोत पूर्वाधारका लागि जलवायुमैत्रि (स्मार्ट) डिजाइन र निर्देशिका तयार पार्ने, औधोगिक दिगोपना, उर्जा मिश्रण प्रणालीको प्रवर्धन गर्ने, गण्डकी, कोशी, कर्णाली लगायतका हिम नदीहरुमा पूर्व सुचना प्रणाली तथा हिमतालबाट विष्फोटनवाट आउने बाढि जोखिम न्यूनीकरण गर्ने, अतिसंवेदनशील ग्रामिण वस्ती र संस्थाहरुमा जलवायु उत्थानशील नवीकरणीय उर्जाको प्रवर्धन तथा पुर्वाधारहरुको निर्माण गर्ने, नदीहरुमा जलाशय प्रणाली विकास गर्ने कार्यक्रमहरु गर्ने, र प्रभावकारी उर्जा तथा स्वच्छ प्रविधिको विकास गर्दै जलवायु समयानुकुलन मार्फत जलस्रोत र उर्जाक्षेत्रमा यस्ता योजनाहरु कार्यान्वयन गर्ने जस्ता जस्ता अनुकूलनका कार्यहरुले प्राथमिकता पाएका छन् । | ५ अर्ब ३५ करोड |
|  ग्रामिण तथा सहरी वस्तीहरु | दिगो सहरी विकासका लागि चक्रीय अर्थव्यवस्था प्रवर्धन गर्ने, जलवायु जोखिम न्यूनीकरण गर्न एकीकृत वस्ती तथा सहरीकरण नमूना बिकासका साथै प्रकृतिमा आधारित समाधान तथा नीति सुधार माध्यमबाट जलवायु अनुकूलनका सेवाहरु प्रदान गर्ने, जलवायु जलवायु समयानुकुलन उपयोगी भवन डिजाइन, परिपाटी र निर्माण प्रविधिहरुको आधुनिकीकरण तथा प्रवर्धन गरि राष्ट्रिय क्षमता विकास गर्ने जस्ता कार्यहरुले यस क्षेत्रमा विशेष स्थान पाएका छन् । | २ अर्ब ८५ करोड |
|  विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | जलवायु उत्थानशील तथा वातावरणमैत्री उद्योग, यातायात र भौतिक पूर्वाधार निर्माण, नयाँ जलवायु परिवर्तन अनुकूलन र उत्थानशिलता प्रवर्द्धन गर्ने नीतिहरुको विकास तथा सुदृढिकरण गर्ने; औद्योगिक जिल्लाहरुमा उर्जा वितरणलाई विविधिकरण गर्ने; राष्ट्रिय क्षमता विकास तथा नीति सुधार गरि स्वच्छ-उर्जामा आधारित यातायात प्रणाली प्रवर्द्धन गर्ने; जोखिम, संकट तथा महामारी विरुद्ध जलवायु उत्थानशील पुर्वाधारहरु निर्माण गर्ने लगायतका कार्यक्रमहरुले यस क्षेत्रमा विशेष प्राथमिकता पाएका छन् । | ३ अर्ब ५ करोड |
|  पर्यटन, प्राकृतिक तथा सांस्कृतिक सम्पदा | पर्यावरणीय दिगोपना तथा आर्थिक समृद्धिका लागि जलवायु जोखिम तथा पर्यटन सम्बन्धि जानकारी र विस्तार प्रणालीको विकास; साहसिक पर्यटनका लागि आपतकालीन राहत एवं उद्धार सेवाहरुको व्यवस्था; प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुको उचित प्रयोजनका लागि जनचेतना र क्षमता विकास तथा अभिवृद्धि गर्ने; पहाडी क्षेत्रमा पर्यटन विकासका लागि ज्ञान र क्षमताको अनुसन्धान तथा अभिबृद्धि गर्ने; इको- तथा सांस्कृतिक पर्यटन मार्फत जलवायु समयानुकुलता बढाउने; 'एक स्थानीय तह एक पर्यटन गन्तव्य' लाई प्रोत्साहन दिने, जलवायु उत्थानशील पर्यटकीय व्यवसायका लागि बैकल्पिक गन्तव्य तथा उत्पादनहरुको प्रवर्धन र विविधीकरण गर्ने जस्ता अनुकूलनका कार्यहरु प्राथमिकतामा परेका छन्। | १ अर्ब १३ करोड |
|  स्वास्थ्य, खानेपानी तथा सरसफाई | स्वास्थ्य र सरसफाइ सेवाप्रदायकहरुको क्षमता अभिवृद्धि गर्ने; खानेपानी तथा सरसफाई सेवा र सुविधाको निर्माण, सुधार एवं क्षमता अभिवृद्धि गर्ने साथै नीति सुधार, रणनीति बनाउने तथा राष्ट्रिय स्तरमा सचेतना बढाउने; जलवायु संवेदनशील रोग निरिक्षणका प्रणाली साथै आकस्मिक कार्यको सुदृढिकरण, स्वास्थ्य प्रवर्धन गर्ने सहरहरु निर्माण गर्ने - स्वास्थ्य, वातावरण र जीवन; जलस्रोतहरुको संरक्षण तथा प्रवर्धन साथै जलाशय व्यवस्थापन गर्ने; पानी आपूर्ति, सरसफाइ र स्वास्थ्य प्रणालीमा जलवायु उत्थानशील प्रविधिहरुको खोज, अनुसन्धान तथा विकास गर्ने जस्ता जलवायु परिवर्तन अनुकूलनका कार्यहरुले प्राथमिकता पाएका छन् । | ४ अर्ब ७५ करोड |

| | | |
|---|---|---|
|  **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन** | जलवायुका जोखिमको पूर्वसूचना प्रणालीको मर्मत तथा बहु-जोखिम अनुगमनको सुदृढीकरण गर्ने; वनजंगल क्षेत्रहरुमा जलवायु उत्पन्न प्रकोपहरुको नियन्त्रण गर्न संघीय तथा प्रादेशिक कार्य योजनाहरु बनाउने; घरेलु तथा औद्योगिक अग्नि नियन्त्रण एवं न्यूनीकरण गर्न प्रविधि एवं उपकरणहरुको माध्यमबाट राष्ट्रिय क्षमताको विकास गर्ने; जलवायु जोखिम संवेदनशील भूउपयोग योजनाको निर्देशिका र मापदण्डहरू बनाउने जस्ता कार्यक्रमहरुलाई यस क्षेत्रमा विशेष स्थान दिइएको छ । | ८ अर्ब ५ करोड |
|  **लैङ्गिक तथा सामाजिक समावेशीकरण, जीविकोपार्जन र शासन** | न्याप दस्तावेजमा, हरेक प्रादेशिक तथा गैर प्रादेशिक संस्थाहरुमा ' लैङ्गिक तथा सामाजिक समावेशीकरण डेस्क' को स्थापना तथा यसलाई प्रभावकारी गराउन रणनीति तथा कार्य योजना बनाउने, विपद् न्यूनीकरण प्रतिक्रिया सेवामा सुरक्षित अनि न्यायसंगत पहुँच सुनिश्चित गर्दै समावेसी जलवायु तथा विपद् विरुद्ध उत्थानशिल समाजको लागि मानव पूंजीको निर्माण गर्ने, सामाजिक सुरक्षा तथा विकासका कार्यहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरण तथा जलवायु दूरदर्शिता समावेश गर्ने र लैङ्गिक तथा सामाजिक समावेशीकरण उत्तरदायी जीविकोपार्जनका कार्यक्रमहरुका माध्यमबाट जलवायु परिवर्तनको विरुद्ध उत्थानशिलता बढाउने लगायतका कार्यहरुले यस क्षेत्रमा प्राथमिकता पाएका छन् । | ७० करोड |
| **राष्ट्रिय क्षमता विकास, अनुसन्धान तथा सचेतना अभिवृद्धि** | जलवायुका जोखिम तथा अनिस्टताहरुको अनुसन्धान, सम्बन्धित संघीय मन्त्रीहरु, प्रदेश सरकारहरु तथा पात्र एवं सरोकारवालाहरुको क्षमता विकास, संघ र प्रदेश तहमा तथ्याङ्क व्यवस्थापन प्रणाली र कार्यक्रम अनुगमन केन्द्रहरुको स्थापना र संचालन गर्ने जस्ता अनुकूलनका उपयाहरुलाई यस क्षेत्रमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । | १६ करोड |
| | **नेपाल न्याप कार्यन्वयनको कूल लागत** | **४७ अर्ब ४० करोड** |

हाल, संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (United Nations Environment Programme, UNEP) ले न्न्हँ को आर्थिक सहयोगमा "राष्ट्रिय अनुकूलन योजना तर्जुमाको लागि क्षमता विकास" परियोजना मार्फत NAP प्रक्रियाको कार्यान्वयन गरिरहेको छ। NAPA को अनुभवको आधारमा यस परियोजनाले वन तथा वातावरण मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखा (CCMD) लाई राष्ट्रिय आवश्यकतामा आधारित, लैङ्गिक-संवेदनशील र सहभागितात्मक तथा पारदर्शी ढंगले कार्यान्वयन गर्दछ। यस परियोजनाको सिद्धान्त "कसैलाई पछाडि नछोड्नु" हो।


GREEN CLIMATE FUND
UN environment programme 50 1972-2022

**नेपाल सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**जलवायु परिवर्तन व्यवस्थापन महाशाखा**
**सिंहदरवार, काठमाण्डौं**

**फोन:** ०१- ४२११५६७ **फ्याक्स:** ९७७-१-४२११८६८
इमेल: info@mofe.gov.np
वेबसाइट: www.mofe.gov.np
www.napnepal.gov.np

UN environment programme 50 1972-2022

**संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम**
Asia and the Pacific Office
UNEP- नेपाल GCF NAP
राष्ट्रिय अनुकूलन योजना परियोजना व्यवस्थापन इकाई
वन परिसर, बबरमहल, काठमाडौं
**फोन:** ०१-४१०२१९१
www.unenvironment.org



*अनुवादक:* ***रिपु कुँवर, बसन्त पौडेल, सृष्टि खनाल***
*लेआउट र डिजाइन:* ***कविता मण्डल***
*सम्पादक:* ***ज्ञानेन्द्र कार्की***